।।श्री।।

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र सङ्ख्या, मिति र मु.नं. समेत उल्लेख गर्नुहोला।

# सङ्खुवासभा जिल्ला अदालत

## चैनपुर

(प्रशासन शाखा)

फोन नं. ०२९–५७०१९५, ५७०१९६
फ्याक्स ०२९–५७०३७६
Email: info.dcsankhuwasabha@supremecourt.gov.np
admin.dcsankhuwasabha@supremecourt.gov.np
१ नं. प्रदेश (नेपाल)

पत्र संख्याः २०७६/०७७
चलानी नम्बरः १८८८

मिति २०७७/०२/३२

विषयः जानकारी सम्बन्धमा।

श्री जिल्ला सरकारी वकिल कार्यालय
सङ्खुवासभा, चैनपुर।

नेपाल बार एसोसियसन
सङ्खुवासभा जिल्ला अदालत बार इकाई
सङ्खुवासभा, चैनपुर।

उपर्युक्त विषयमा यस अदालतका माननीय जिल्ला न्यायाधीश श्री शान्तिप्रसाद आचार्यज्यूको संयोजकत्वमा यस अदालत, जिल्ला सरकारी वकिल कार्यालय, सङ्खुवासभा चैनपुर तथा नेपाल बार इसोसियसन सङ्खुवासभा, जिल्ला अदालत बार इकाई चैनपुरसमेतका पदाधिकारीहरूको उपस्थितिमा मिति २०७७/०२/३२ गते बसेको बैठकबाट भएको निर्णयबमोजिमको सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध गरिन्छ।

२०७७/०२/३२

(डिल्लीराम प्रसाई)
स्रेस्तेदार

बोधार्थ
श्री उच्च अदालत विराटनगर
धनकुटा इजलास।

G:\Type Of Yubaraj\2076-077\प्रशासन सम्बन्धी पत्र.Docx

# सङ्खुवासभा जिल्ला अदालतको मुद्दा सुनुवाई सम्बन्धी

## सूचना।

मितिः २०७७/०२/३२

विश्वमा महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को उच्च जोखिमको अवस्थालाई दृष्टिगत गरी श्री सर्वोच्च अदालतको मिति २०७७/०२/२९ गतेको सूचनासमेतलाई मध्यनजर गर्दै यस सङ्खुवासभा जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय सङ्खुवासभा चैनपुर तथा नेपाल बार एसोसियसन सङ्खुवासभा जिल्ला अदालत बार इकाई चैनपुरसमेतका पदाधिकारीहरूको उपस्थितिमा आज मिति २०७७/०२/३२ गते बैठक बसी निम्नबमोजिमको निर्णय भएको बेहोरा सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

निर्णयहरू:-

१. पुनर्विचार सम्बन्धी मुद्दाहरूमा तारेखमा रहेका प्रतिबादीहरूको हकमा निजको कानून व्यवसायीहरूलाई समेत जानकारी दिई पुनर्विचार सम्बन्धी सुनुवाई गर्ने।

२. सर्वोच्च अदालतको च.नं. १९५२ मिति २०७७/०२/२८ गतेको परिपत्रबमोजिम पर्न आएका घरेलु हिंसा सम्बन्धी मुद्दा तत्काल दर्ता गरी कानूनबमोजिम तत्कालै आवश्यक कार्य गर्ने।

३. अंग पुगिसकेका थुनुवा मुद्दामा प्रतिबादीका कानून व्यवसायीलाई जानकारी दिई मुद्दाको सुनुवाई गर्ने।

४. अंग पुगिसकेका मुद्दाहरूमा दुवै पक्षहरूको सहमतिमा कानून व्यवसायी/ वारेसमार्फत निवेदन परेमा मुद्दाको सुनुवाई गर्ने।

५. यस अदालतको मिति २०७७/०२/२३ गतेको निर्णयबमोजिमका अन्य कार्यहरू गर्ने।

.........................

स्रेस्तेदार